**आज मिति २०७९ असोज ८ गते नेपाल सरकारद्वारा गठित वार्ता टोली र प्रा.डा. गोविन्द केसी बीच सम्पन्न सहमतिपत्र ।**

१. स्वास्थ्य सेवा सुधारका लागि देशभरका सरकारी अस्पतालहरूमा कम्तीमा हाल सञ्चालनमा रहेको शय्या सङ्ख्या अनुसार दरबन्दी कायम गर्ने विषयमा:

(क) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट नेपाल सरकार अन्तर्गतका ५०० शय्याका अस्पतालहरूको प्रक्रियामा रहेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको काम सम्पन्न गरी शीघ्र स्वीकृतिको प्रक्रियामा लैजाने, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका हकमा मौजुदा कानून बमोजिम विश्वविद्यालय मार्फत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरी शीघ्र स्वीकृतिको प्रक्रियामा लैजाने,

(ख) प्रदेश अन्तर्गतका २०० र ५० शय्याका प्रादेशिक अस्पतालहरूको नमूना सङ्गठन संरचनाको मस्यौदालाई अन्तिम रूप दिई आवश्यक प्रक्रियाका लागि सबै प्रदेशमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पत्राचार गर्ने,

(ग) स्थानीय तहमा ५, १० र १५ शय्याका आधारभूत अस्पतालहरूको नमूना सङ्गठन संरचना तयार भै स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार भैसकेको,

(घ) स्थानीय तहका वडामा रहने आधारभूत स्वास्थ्य सेवा केन्द्रको नमूना सङ्गठन संरचनाको मस्यौदालाई अन्तिम रूप दिई आवश्यक प्रक्रियाका लागि सबै स्थानीय तहमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पत्राचार गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय तहमा नयाँ सृजना भएका रिक्त पदहरूमा नियमित रूपमा पदपूर्ति हुने व्यवस्था मिलाउन माग आकृति फाराम सङ्घीय र प्रादेशिक लोक सेवा आयोग पठाउने व्यवस्था मिलाउने,

(च) राष्ट्रिय स्वास्थ्य वित्त रणनीति स्वीकृत गरी सोही बमोजिम स्वास्थ्य क्षेत्रको बजेट वृद्धि गर्दै जाने,

(छ) नयाँ सृजना भएका पदहरूमा करारमा सेवा दिइरहेका चिकित्सकहरूलाई समेत लोक सेवा आयोगको प्रक्रिया मार्फत स्थायी हुने अवसर सृजना गरी दक्ष जनशक्ति पलायन हुने अवस्था रोक्ने । करारमा रहँदा उत्कृष्ट काम गरेका चिकित्सकहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम ल्याउने,

(ज) प्रत्येक वडामा एक स्वास्थ्य संस्था हुने नीति अनुरूप स्वास्थ्य संस्था नभएका २६०० वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना हुने क्रममा रहेको । हरेक स्थानीय तहमा ५, १० र १५ शय्याको एउटा अस्पताल हुने गरी ६५५ आधारभूत अस्पताल निर्माणको चरणमा रहेकामध्ये यसै वर्ष १०० वटा अस्पताल सञ्चालनका लागि भौतिक पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्न चालु आ.व.मा ५ अर्ब बजेट छुट्याइसकिएको साथै जीर्ण भौतिक संरचना भएका स्वास्थ्य संस्थाहरूको पुनर्निर्माणका लागि रु ३ अर्ब बजेट छुट्याइएको,

(झ) निःशुल्क उपलब्ध गराउनु पर्ने ९८ प्रकारका औषधिहरूको सूची र जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनूसुची- १ बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरूको स्तरीय उपचार पद्धति (Standard Treatment Protocol) स्वीकृत भैसकेकोले सो बमोजिम स्थानीय तहबाटै औषधि खरिद गरी निरन्तर उपलब्ध हुने व्यबस्था गर्न प्रत्येक आ.व. को पहिलो त्रैमासिक भित्र औषधि खरीद गरिसक्न सबै स्थानीय तहलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमार्फत परिपत्र गर्ने । सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा ब्यवस्था भएवमोजिमको स्वास्थ्य क्षेत्रको विषयगत समितिले उपरोक्त कामकोअनुगमन गर्ने,

(ञ) सबै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने नीति कार्यान्वयनमा रहेको, आधारभुत स्वास्थ्य सेवा निःशुल्क हुनुपर्ने संवैधानिक प्रावधान बमोजिम सबै सरकारी स्वास्थ्य संस्थाबाट जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची- १ बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू पूर्णतः निःशुल्क गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पत्राचार गर्ने, आकस्मिक सेवा निःशुल्क कार्यक्रम विभिन्न सरकारी अस्पतालहरूमा कार्यान्वयन गरिएकोमा सो कार्यक्रमलाई सबै सरकारी स्वास्थ्य संस्थाहरूमा विस्तार गर्ने, .

(ट) मापदण्ड पूरा नगरी जोखिमपूर्ण सेवा दिइरहेका निजी संस्थाहरूको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ बमोजिम जिल्ला प्रशासन कार्यालयको समन्वयमा अनुगमन गरी आवश्यक कारवाही गर्न ७७ वटै स्वास्थ्य कार्यालयहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पत्राचार गर्ने,

(ठ) चिकित्सक कार्यरत सबै स्वास्थ्य संस्थाहरूको नेतृत्व चिकित्सकले नै गर्ने व्यवस्था गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले परिपत्र गर्ने,

(ड) संघ, प्रदेश र स्थानीय तहको बजेटमा स्वास्थ्य र शिक्षा क्षेत्रमा प्राथमिकता दिई बजेट व्यवस्था गर्न आवश्यक समन्वय गर्ने ।

२. आवश्यक कानूनी व्यवस्था गरी कैलाली जिल्लास्थित गेटा मेडिकल कलेजलाई तत्काल सञ्चालन गर्ने व्यवस्था गर्ने सम्बन्धमा:

(क) गेटा मेडिकल कलेज समेतको सञ्चालनका लागि एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयक हाल अर्थ र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय सहमतिको क्रममा रहेकोमा

(ख) गेटामा मेडिकल कलेज र शिक्षण अस्पताल स्थापना तथा सञ्चालन गर्न नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।२।३१ मा निम्न निर्णय भएको छ:

(१) मेडिकल कलेज तथा अस्पतालका लागि आवश्यक सडकको स्तरोन्नति, खानेपानीको आपूर्ति, विद्युत आपूर्ति, फोहोरमैला व्यवस्थापन स्थल तथा ट्रिटमेन्ट प्लान्ट निर्माण लगायतका पूर्वाधार विकास सम्बन्धी बाँकी रहेका कार्यहरू मेडिकल कलेज पूर्वाधार निर्माण विकास समितिले

शीघ्र सम्पन्न गरी अस्पताल सञ्चालन प्रयोजनका लागि उपलब्ध गराउने र सोका लागि आवश्यक बजेट साबिक बमोजिम विश्वविद्यालय अनुदान आयोग मार्फत समितिलाई विनियोजन गर्ने ।

(२) मेडिकल कलेज पूर्वाधार निर्माण विकास समितिले शिक्षण अस्पतालका लागि तयार गरेका भवनहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले खटाएको अस्पताल निर्देशकलाई उपलब्ध गराउने ।

(३) अस्पतालका लागि आवश्यक उपकरण खरिद, जडान र सञ्चालन, अस्पताललाई आवश्यक विभिन्न शल्यक्रिया, प्रयोगशाला, बहिरङ्ग लगायतका कक्षहरू तयार गर्ने, औषधीजन्य पदार्थ खरिद लगायतका अस्पताल सञ्चालन सम्बन्धी सबै कार्यहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट खटाइने अस्पताल निर्देशकले गर्ने, गराउने ।

(४) अस्पताल सञ्चालनका लागि आवश्यक बजेट अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मार्फत उपलब्ध गराउने ।

उल्लेखित निर्णय कार्यान्वयनका सन्दर्भमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट बजेट विनियोजन र क्षेत्राधिकार तोकी मिति २०७९।२।३१ को निर्णयानुसार अस्पताल निर्देशक खटाइसकिएको, अस्पताल स्थापना र सञ्चालनको कार्य प्रारम्भ गरिसकिएको । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मेडिकल कलेज पूर्वाधार निर्माण विकास समितिलाई निर्णय कार्यान्वयनका लागि लेखिपठाइसकिएको हुँदा यथाशीघ्र भौतिक पूर्वाधारका कार्यहरू सम्पन्न हुने अवस्थामा रहेको,

एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयक पारित भए पश्चात् सोही ऐनमा समाहित हुने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।५।२१ को बैठकबाट सैद्धान्तिक स्वीकृति प्राप्त शहिद दशरथ चन्द स्वास्थ्य शिक्षा प्रतिष्ठान विधेयक तयार गरी तत्काल संघीय संसद समक्ष पेश गर्ने । सो विधेयक तर्जुमा गर्दा राष्ट्रिय चिकित्सा शिक्षा ऐनमा रहेका व्यवस्थासँग नबाझिने व्यवस्था गर्ने । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा निर्धारित समयसिमा (सम्वत् २०८० फागुन १० गते) भित्रै चिकित्सा शिक्षाको शैक्षिक कार्यक्रम प्रारम्भ गर्ने ।

(ग) इलाम, उदयपुर, रातीमा एवम् गण्डकी , र मधेश प्रदेशमा सरकारी मेडिकल कलेज निर्माण गर्ने सम्बन्धमाः

इलाम, पाँचथर र उदयपुरमा मेडिकल कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिको प्रतिवेदन प्राप्त भएको । प्रदेशगत रूपमा कम्तीमा पनि एक मुख्य मेडिकल कलेज वा प्रतिष्ठान र सोसँग आवद्ध गरी अर्को एक मेडिकल कलेज (हालका सरकारी अस्पतालसमेतलाई स्तरोन्नति) सञ्चालन गर्ने सम्बन्धी अवधारणापत्र उपर नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७८।१२।३० मा सैद्धान्तिक स्वीकृति प्राप्त भएको ।

गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल एमडी एमएसको अध्ययन अध्यापन चलिरहेको र एमबीबीएसका लागि भवनको पूर्वाधार थप्ने कार्य भईरहेको । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विस्तृत परियोजना प्रस्ताव बमोजिम निर्माण कार्य गर्न बहुवर्षीय ठेक्का अगाडि बढाउने कार्य भएको । मधेश प्रदेशमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जग्गा प्राप्ति भई विस्तृत परियोजना प्रस्ताव स्वीकृतिको क्रममा रहेको ।

विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको आवद्धतामा इलाम र उदयपुरको हाल सञ्चालनमा रहेको अस्पताललाई स्तरोन्नति गरी शिक्षण अस्पतालसहितको मेडिकल कलेज विकास गरी आपसी समन्वयमा कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तत्काल कार्य प्रारम्भ गर्ने ।

(घ) बर्दिवासको गुरू योजना स्वीकृत भएको, हाल विस्तृत परियोजना प्रस्तावको चरणमा रहेको, बुटवलको इआए र गुरू योजना स्वीकृत भएको, नेपाल सरकार मन्त्रिपरिषद्को २०७८।२।३१ को निर्णयानुसार पचास बिगाहा जग्गा प्राप्त भएको, डीपीआर तयार भइसकेको र स्वीकृतिको क्रममा स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा लेखि पठाइएको, सुर्खेतको इआए तयार भई स्वीकृतिका क्रममा रहेको, गुरू योजना स्वीकृत भएको र डीपीआर तयार गर्ने कार्य जारी रहेको ।

३. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १८ मा स्वार्थ बाझिएमा निर्णय गर्न नहुने व्यवस्था रहेको । अब उप्रान्त नियुक्ति वा मनोनयन हुने व्यक्तिको स्वार्थको द्वन्द्व लागि ग्राह्य नहुने कानुनी व्यवस्था समेत थप गर्न संशोधन सम्बन्धी मस्यौदा तयार गरी नेपाल सरकारबाट संघीय संसदको आगामी अधिवेशनमा पेश गर्ने ।

४. प्रतिष्ठान र विश्वविद्यालयका पदाधिकारी नियुक्तिको मापदण्डसहित ऐनको व्यवस्था गर्ने सम्बन्धमा:

विश्वविद्यालय र प्रतिष्ठानहरूमा पदाधिकारी नियुक्तिका लागि पदाधिकारी मापदण्ड निर्धारण समिति तथा कार्यदलले दिएको सुझाव अनुरूप निष्पक्ष र पारदर्शी ढङ्गले पदाधिकारी नियुक्त गर्ने कानूनी व्यवस्थाका लागि प्रस्तावित उच्च शिक्षा सम्बन्धी विधेयकको मस्यौदामा समेटिएको, हाल सो विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय सहमतिको क्रममा रहेको, एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयक हाल अर्थ र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय सहमतिको क्रममा रहेको ।

विश्वविद्यालय र प्रतिष्ठानहरूमा पदाधिकारी नियुक्तिका लागि पदाधिकारी मापदण्ड निर्धारण समिति तथा कार्यदलले दिएको सुझाव अनुरूपका मापदण्डहरू उच्च शिक्षा सम्बन्धी विधेयक र एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयकमा समावेश गरी उल्लिखित विधेयकहरू तत्काल संघीय संसद समक्ष पेश गर्ने । उल्लिखित विधेयकहरू पारित नभएसम्मको लागि उक्त प्रतिवेदनमा समावेश गरिएका मापदण्डहरू कार्यान्वयनमा लैजान सम्बन्धित विश्वविद्यालय र प्रतिष्ठानका आन्तरिक कानूनी प्रबन्धहरू सो मापदण्डसँग बाझिने भएमा त्यसलाई परिमार्जन गरी मापदण्ड अनुकुल बनाउन विश्वविद्यालयहरूका हकमा एक साता भित्र

कुलपतिज्यूबाट र प्रतिष्ठानका हकमा तीन साता भित्र नेपाल सरकार वा कुलपतिज्यूबाट सम्बन्धित कानून बमोजिम निर्देशन दिने ।

५. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४७ कार्यान्वयन सम्बन्धमा:

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४७ कार्यान्वयनका लागि सोही दफाको उपदफा (३) मा आवश्यक प्रक्रिया र स्वरूप तोकिए बमोजिम हुने भनी प्रत्यायोजित व्यवस्था रहेको र सोही ऐनको दफा ५४ मा नेपाल सरकारले चिकित्सा शिक्षा आयोगको परामर्शमा ऐन कार्यान्वयनका लागि नियम बनाउन सक्ने व्यवस्था रहेको । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४७ बमोजिम चिकित्सा सम्बन्धी शिक्षण संस्थाहरूलाई क्रमशः गैरनाफामुलक र सेवामुलक संस्थाहरूमा रुपान्तरण गर्ने व्यवस्था कार्यान्वयनका लागि सरोकारवालाहरूसमेत सँग आवश्यक समन्वय गरी आवश्यक प्रक्रिया, स्वरूप, लागत, कानून तथा सो संग सम्बन्धित अन्य आवश्यक विषयमा ठोस राय सहितको प्रतिवेदन पेश गर्न चिकित्सा शिक्षा आयोगलाई लेखी पठाउने ।

६. चिकित्सा शिक्षा आयोगको संगठन तथा व्यबस्थापन सर्वेक्षणको काम भैरहेकोले शीघ्र स्वीकृतिको प्रक्रिया अगाडि बढाउने । निःशुल्क स्नातकोत्तर कार्यक्रमका लागि आवश्यक बजेट (निर्वाह भत्ता तथा पूर्वाधार विकाससमेत) आगामी आर्थिक वर्षदेखि चिकित्सा शिक्षा आयोगका नाममा विनियोजन गर्ने व्यवस्था मिलाउने ।

७. जलवायु संकटका कारण उत्पन्न हुने जटिलताहरू न्युनीकरणका लागि तत्काल पेट्रोलियम पदार्थको खपत कम गर्न तथा दीर्घकालमा नेपाललाई निर्धारित लक्ष्य बमोजिम जिरो नेट कार्बन देश बनाउनका लागि स्वच्छ उर्जामा आधारित प्रविधिलाई प्रोत्साहन र प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा कानूनी प्रबन्ध गर्ने ।

८. यस सहमतिमा उल्लेख भएका बुँदाहरूको कार्यान्वयन नेपाल सरकारका सम्बन्धित निकाय तथा अन्य सम्बद्ध निकायहरूले कार्ययोजना बनाई तत्काल कार्यान्वयनको प्रक्रियामा लैजाने ।

९. यो सहमति अनुमोदनका लागि सहमति भए पश्चातको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकसमक्ष प्रस्ताव पेश गर्ने ।

१०. आज मिति २०७९ असोज ८ गते शनिबारदेखि प्रा.डा. गोविन्द के.सी.ले अनशन अन्त्य गर्ने ।

(प्रा.डा. गोविन्द के.सी.)

डा. गणेश प्रसाद पाण्डेय
संयोजक, नेपाल सरकारद्वारा गठित वार्ता टोली
एवम्
सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# प्रेस विज्ञप्ति

विगत तेह्र दिनदेखि हाम्रो सत्याग्रही आन्दोलन चलेकोमा आज नेपाल सरकारसंग दश बुंदे सहमति भएको छ। तर त्यसमा सम्बोधन नभएको 'बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिश्ठानमा मापदण्डविना नियुक्त भएका पदाधिकारीहरुलाइ पदमुक्त गरियोस्' भन्ने हाम्रो माग कायम रहेको र त्यसका लागि हामी निरन्तर संघर्षरत रहने कुरा जानकारी गराउन चाहन्छौं।

डा गोविन्द केसी
२०७९.६.८
काठ्माण्डु